सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाण्डौ
फोन: ०१-४२५९६०२
फ्याक्स: ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email: jed@supremecourt.gov.np

प. सं. ०७५।०७६

च. नं. ३५४

मिति - २०७६।०१।१७

बिषय - आदेश कार्यान्वयन सम्वन्धमा ।

श्री उच्च अदालत सबै ।
श्री जिल्ला अदालत सबै ।

प्रस्तुत बिषयमा निवेदक पेम्बा गुरुङ विरुद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ समेत भएको सम्वत् २०७५ सालको रिट नम्बर ०७५-WH-००५० को बन्दीप्रत्यक्षीकरण रिटमा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७५।१०।०१ गते निर्देशनात्मक आदेश जारी भई सर्वोच्च अदालतको वेबसाईटमा अपलोड समेत भएको हुदां उक्त महत्वपूर्ण आदेश हेरी व्यहोरा अवगत गर्नु भएकै होला ।

उक्त आदेशमा "..उच्च अदालत र जिल्ला अदालतहरुले उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५ र कारागार ऐन, २०१९ को दफा १८ को अधिकार समेत प्रयोग गरी यो आदेश प्राप्त भएको १५ दिनभित्र आफू मातहतका वा आफ्नो क्षेत्र भित्र रहेका कारागारमा निरीक्षण गरी जेष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) अनुसार कैद छुट दिन सक्ने उमेर हद, शारीरिक एवँ मानसिक अवस्था तथा कसूरको प्रकृतिलाई हेरी तत्कालै छोड्न आदेश दिनु पर्ने लागेमा छुटको प्रतिशत कायम गरी छुट दिनु पर्ने भए आवश्यक निर्णय लिनु भनी सम्पूर्ण उच्च अदालत र जिल्ला अदालतहरुको नाममा यो आदेश जारी गरिदिएको छ ।..." भनी उल्लेख भएको छ । अत: सम्मानीत सर्वोच्च अदालतको उक्त आदेशानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

यज्ञप्रसाद आचार्य
निर्देशक